# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, कात्तिक २५ गते २०५९ साल (संख्या ३०

## भाग ३

श्री ५ को सरकार

### कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले संस्थान ऐन, २०२१ को दफा १४क. ले दिएको अधिकार प्रयोग गरी कृषि सामग्री संस्थान विघटन भए पश्चात श्री ५ को सरकारमा सर्ने सो संस्थानको सबै सम्पत्ति र दायित्वहरू कृषि सामग्री कम्पनी लि. लाई सुम्पने निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
कीर्तिबहादुर चन्द
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यमा डा. सरस्वती पाध्या, डा. लक्ष्मीराज पाठक, डा. उग्रनारायण पाठक र डा. ऋषिराम कोइरालालाई मनोनयन गरी हेरफेर गरेको छ।

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

156

# भाग ४

## नेपाल अधिराज्यका
## महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकबाट श्री ५ को सरकारको स्वीकृतिमा महालेखा परीक्षकको विभागका उपमहालेखा परीक्षक श्री दिवाकरप्रसाद भट्टराईले महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ९६ को उपनियम (३) बमोजिम लेखापरीक्षण सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखा परीक्षक पदबाट २०५१ असोज ८ गतेदेखि लागू हुने गरी स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सोही मितिदेखि नै लागू हुने गरी स्वीकृत भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
बद्रीबहादुर कार्की
नायव महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।